जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com

# जलेश्वर टुडे

एक कदम अगाडि
Jaleshwor Today National Daily

वर्ष १३ • अंक २३८ • २०८३ असार ४ गते विहिवार • 18 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

## मटिहानी नगरपालिकाले आ. व. २०८३/०८४ को लागि ल्यायो ४७ करोड ४५ लाखको बजेट

मो. इर्शाद शेख
महोत्तरी, ३ असार

महोत्तरीको मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले आर्थिक वर्ष २०८३/०८४ को निति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । मटिहानी नगरपालिकाको १७ औं नगरसभाको खुला सत्रमा निति तथा कार्यक्रमसँगै आव २०८३/०८४ को लागि कुल बजेट ४७ करोड ४५ लाख बनियोजन गरिएको छ । जसमा राजश्व बाँडफाँड तर्फको १० करोड ५७ लाख, सघीय सरकार तर्फ २८ करोड ८८ लाख, प्रदेश सरकारको १ करोड ४९ लाख ९५ हजार र आन्तरिक श्रोतबाट ६ करोड ५६ गरी कुल ४७ करोड ४५ लाख को बजेट नगर प्रमुख मण्डलले प्रस्तुत गरेका छन् ।




मेयर मण्डलको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा उहाँले नीति, कार्यक्रम तथा बजेटमा कृषि, शिक्षा र स्वास्थ्यलाई प्राथमिकता दिँदै यस आर्थिक वर्षमा यी तीनै महत्वपूर्ण विषयका साथै मटिहानीको धार्मिक, ऐतिहासिक र पर्यटकीय विकासको क्षेत्रमा समेत उल्लेख्य सकारात्मक कदम उठाउने बताएका छन् । उनले मटिहानीको मुख्य पहिचान नै मटिहानीको विकासको मूल आधार भएकाले विगतका वर्षहरूमा मटिहानीको धार्मिक, ऐतिहासिक र पर्यटकीयका साथै पहिचानका लागि विकासका मूल फुटाउने बताए । मधेस प्रदेशका सभामुख राम अशिष यादवको प्रमुख आतिथ्यमा सम्पन्न भएको सो नगरसभाबाट मेयर मण्डलले केही महत्वाकांक्षी योजनासमेत सार्वजनिक गरेका छन् । उनले कृषि तथा पशुपालनको क्षेत्रमा थप योजनाहरूसहित यस क्षेत्रको विकासमा निरन्तरता, व्यावसायिक खेती र पशुपालनमा युवाको सहभागिता लगायतमा काम गर्ने बताए । त्यस्तै, उद्योग वाणिज्यतर्फ विभिन्न तालिम तथा व्यवसाय सञ्चालनमा नगरपालिकाले सहयोगी भूमिका निर्वाह गर्ने उनल थपे । यता पर्यटनमा विकासका लागि मटिहानी मठलाई विश्व सम्पदा सूचीमा राख्न सरकारलाई अनुरोध गर्ने तथा मटिहानीभित्रका विभिन्न पोखरी, जलसागर, आदिको सौन्दर्यीकरणमा जोड दिने बताए । मटिहानी नगरपालिकामा आन्तरिक तथा बाह्य पर्यटकलाई बढावा दिन नगरभित्रका मठ मन्दिर तथा मस्जिदहरूलाई पर्यटकीय स्थलको रूपमा विकास गर्न प्रचारप्रसार, वृत्तचित्र निर्माण लगायत थप संस्कृति झल्काउने भौतिक पूर्वाधारहरू विकास गरिने बताए ।

त्यस्तै, शिक्षाको क्षेत्रमा मैथिली भाषाको विकास, संरक्षण तथा संवर्द्धन गर्न नगरभित्रका सामुदायिक विद्यालयको कक्षा एकदेखि आठसम्मको पाठ्यक्रममा सय अंकको मैथिली भाषा समावेश गरी अध्ययन गराइने व्यवस्था मिलाइने बताए । त्यसै गरी मटिहानी नगरपालिका अन्तर्गत रहेका माध्यमिक विद्यालय स्तरीय बिज्ञान प्रदर्शनी मेला आयोजना समेत गरिने छ । त्यस्तै, विद्यार्थीको सूचना प्रविधिमा पहुँच पुऱ्याउन जोडकोषमा आधारित ल्यापटप वितरण, कक्षा ११ मा अध्ययनरत छात्राहरूलाई निःशुल्क साइकल वितरण , दलित, विपन्न, गरिब, अपांग, असहाय तथा सहिद परिवारका जेहेनदार विद्यार्थीलाई नगर प्रमुख छात्रवृत्ति पुरस्कार सहयोगको व्यवस्था गरिने कुरा नीति, कार्यक्रम तथा बजेटमा उल्लेख गरिएको छ ।

यता स्वास्थ्यतर्फ मटिहानी नगरपालिकाले बर्थिङ सेन्टरले रेफर गरेको खण्डमा जनकपुरसम्मका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ । गर्भवतीका लागि अल्ट्रासाउन्ड निःशुल्क गरिनुका साथै आयुर्वेद तथा पारम्परिक चिकित्सा प्रणालीको विकास गरिने उल्लेख छ।यसका अलावा समावेशीकरण/गरिबी निवारण तथा कला, संस्कृति, खेलकुद, पूर्वाधार विकास, सिँचाइ, भवन तथा सहरी विकास, सञ्चार, वातावरण तथा विपत् व्यवस्थापनसम्बन्धी नीति तथा कार्यक्रम, संस्थागत विकास तथा सुशासन सम्बन्धी नीति तथा कार्यक्रम लगायतमा आवश्यक बजेट तथा योजनाहरू सञ्चालन गरिने मेयर मण्डलले उल्लेख गरेका छन् ।







सन्तुलित जनसंख्याः विकासको आधार

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर-किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाइ प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं ।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मधेश प्रदेश सरकारको विकास बजेट खर्चको अवस्था अत्यन्तै कमजोर

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३ असार**

आर्थिक वर्ष समाप्त हुन अब केही दिन मात्र बाँकी रहँदा मधेश प्रदेश सरकारको विकास बजेट खर्चको अवस्था अत्यन्तै कमजोर देखिएको छ । प्रदेश सरकारले पुँजीगत (विकास) तर्फ विनियोजित बजेटको जम्मा १३.७६ प्रतिशत मात्र खर्च गर्न सकेको तथ्याङ्क सार्वजनिक भएको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा पुँजीगततर्फ ३१ अर्ब ३३ करोड ९६ लाख रुपैयाँभन्दा बढी बजेट विनियोजन गरिएको थियो ।

तर, जेठ मसान्तसम्ममा ४ अर्ब ३१ करोड ३४ लाख रुपैयाँ मात्र खर्च भएको छ । बाँकी अधिकांश बजेट खर्च हुन नसक्दा विकास निर्माणका कार्यक्रमहरूको



कार्यान्वयनमा प्रश्न उठ्न थालेको छ । मन्त्रालयगत खर्चको विवरण हेर्दा खेलकुद तथा समाज कल्याण मन्त्रालय सबैभन्दा कमजोर देखिएको छ । उक्त मन्त्रालयले पुँजीगत बजेटको ०.५८ प्रतिशत मात्र खर्च गर्न सकेको छ ।

मन्त्रालयका लागि १ अर्ब ३२ करोड ४४ लाख रुपैयाँ विनियोजन गरिएकामा ७६ लाख ९७ हजार रुपैयाँ मात्र खर्च भएको छ । त्यसैगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ४.९४ प्रतिशत, शिक्षा तथा संस्कृति मन्त्रालयले ५.२२ प्रतिशत, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले ९.१५ प्रतिशत, श्रम तथा यातायात मन्त्रालयले ९.५४ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ११.६४ प्रतिशत तथा गृह, सञ्चार तथा कानुन मन्त्रालयले १३.२३ प्रतिशत पुँजीगत बजेट खर्च गरेका छन् । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले १४.३४ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले १९.२८ प्रतिशत तथा भौतिक पूर्वाधार विकास मन्त्रालयले १९.६२ प्रतिशत बजेट खर्च गरेका छन् । उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको खर्च दर पनि २.४२ प्रतिशतमा सीमित रहेको छ ।

समग्रमा हेर्दा मधेश प्रदेश सरकारले चालु र पुँजीगत दुवै शीर्षकमा गरी हालसम्म कुल बजेटको २१.२४ प्रतिशत मात्र खर्च गर्न सकेको छ । चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले ४६ अर्ब ९८ करोड ३३ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । त्यसमध्ये जेठ मसान्तसम्ममा ९ अर्ब ९८ करोड रुपैयाँ मात्र खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

# राजर्षि जनक विश्वविद्यालयले आफ्नै स्थायी भवन निर्माणको प्रक्रिया अघि बढाए

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३ असार**



स्थापना भएको सात वर्षपछि राजर्षि जनक विश्वविद्यालयले आफ्नै स्थायी भवन निर्माणको प्रक्रिया अघि बढाएको छ । धनुषाको नगराइन नगरपालिका फुलगामास्थित गुठीको जग्गामा विश्वविद्यालयको भवन निर्माणका लागि आवश्यक तयारी तीव्र पारिएको छ भने छिट्टै शिलान्यास गर्ने तयारी गरिएको विश्वविद्यालय प्रशासनले जनाएको छ । विश्वविद्यालयले गुठी संस्थानसँग सम्झौता गरी वार्षिक ५ लाख रुपैयाँ भाडा तिर्ने शर्तमा ९ बिघाभन्दा बढी जग्गा उपयोगका लागि लिएको छ । यसका अतिरिक्त अतिक्रमणमा परेको ४ बिघाभन्दा बढी जग्गा खाली गराएर विश्वविद्यालयको स्वामित्वमा समेटिएको छ ।

राजर्षि जनक विश्वविद्यालयका रजिष्ट्रार बलराम झाले भवन निर्माणअघि जग्गाको सुरक्षा सुनिश्चित गर्नु प्राथमिकता रहेको बताए । उनका अनुसार नगराइन नगरपालिका र मुखियापट्टी मुसहरनिया गाउँपालिकासँग समन्वय गरी विश्वविद्यालयको जग्गामा तारजाली लगाउने काम सुरु गरिएको छ । साथै चारैतर्फ पहुँच मार्ग निर्माणको प्रक्रिया पनि अघि बढाइएको छ । 'विश्वविद्यालयको स्थायी भवन नगराइनमै निर्माण हुन्छ । आवश्यक पूर्वाधार तयारीको काम भइरहेको छ । छिट्टै शिलान्यास कार्यक्रम आयोजना गरिनेछ,' रजिष्ट्रार झाले भने । नगराइन नगरपालिकाका प्रमुख विनयकुमार यादवले विश्वविद्यालयको भवन आफ्नै क्षेत्रमा निर्माण हुन लागेकाले स्थानीयवासी उत्साहित रहेको बताए ।उनले विश्वविद्यालयका लागि वर्षौंअघि नै उक्त स्थान छनोट गरिएको स्मरण गर्दै विगतमा महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठको जग्गा गुठी संस्थानसँग सम्झौता गरी लिइए पनि विभिन्न कारणले निर्माण प्रक्रिया अगाडि बढ्न नसकेको बताए । उनका अनुसार विश्वविद्यालयको जग्गामा सहज पहुँच सुनिश्चित गर्न आधा विश्वविद्यालयको र आधा स्थानीय किसानको निजी जग्गा प्रयोग गरी चारैतर्फ सडक निर्माण गर्ने योजना कार्यान्वयनमा ल्याइएको छ ।

विश्वविद्यालय स्रोतका अनुसार भवन निर्माणका लागि हाल विश्वविद्यालयको खातामा करिब ११ करोड रुपैयाँ मौज्दात रहेको छ भने थप बजेट प्राप्त हुने अपेक्षा गरिएकाले आर्थिक अभाव नहुने विश्वास गरिएको छ । स्थानीयवासीहरूले जग्गा व्यवस्थापन, तारबार र सडक निर्माण सम्पन्न भएपछि भवन निर्माण कार्यमा ढिलाइ भए दबाब सिर्जना गर्ने चेतावनी दिएका छन् । उनीहरू विश्वविद्यालयको स्थायी संरचना निर्माणलाई अब थप नलम्ब्याउनुपर्ने पक्षमा छन् । राजर्षि जनक विश्वविद्यालय स्थापना गर्न २०५३ सालदेखि धनुषा र महोत्तरीका तत्कालीन गाविसहरूबाट प्रतिगाविस १ लाख रुपैयाँ संकलन गरिएको थियो । सरकारी अनुदानसहित संकलित रकम विश्वविद्यालयको कोषमा जम्मा हुँदै आएको छ ।

तर, आफ्नै पर्याप्त जग्गा हुँदाहुँदै पनि स्थायी भवन अभावका कारण विश्वविद्यालयले हालसम्म वार्षिक करिब ७० लाख रुपैयाँ भाडा तिरेर प्रशासनिक तथा शैक्षिक गतिविधि सञ्चालन गर्दै आएको छ । स्थायी भवन निर्माण प्रक्रिया सुरु भएसँगै विश्वविद्यालयको दीर्घकालीन पूर्वाधार विकास र शैक्षिक विस्तारको बाटो खुल्ने विश्वास गरिएको छ ।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय.................

# ज्येष्ठ नागरिकलाई सम्मान गरौं

हाम्रो परम्परागत संस्कारले भन्छ- 'मातृदेवो भव, पितृदेवो भव' । तर आजभोलि यो मन्त्र केवल वृद्धवृद्धा सम्मान दिवसका दिन भाषणमा मात्र सुनिन्छ । समुदाय स्तरमा राष्ट्रिय ज्येष्ठ नागरिक महासंघको समन्वयमा, ज्येष्ठ नागरिक प्रदेश संघ, ज्येष्ठ नागरिक जिल्ला संघ र प्रहरीको समन्वयमा टोलटोलमा रहेका ज्येष्ठ नागरिकहरूको लगत संकलन गरिनुपर्ने देखिन्छ । दुर्व्यवहारमा परेकाहरूलाई उद्धार र पुनर्स्थापना गर्नका लागि प्रहरी संयन्त्रभित्र अनिवार्य रूपमा 'ज्येष्ठ नागरिक प्रहरी सेल' को स्थापना गर्नुपर्ने देखिन्छ । साथै, सञ्चार माध्यमहरूले रेडियो, टेलिभिजन र सामाजिक सञ्जालमार्फत विभिन्न भाषामा चेतनामूलक सन्देशहरू निरन्तर प्रवाह गर्नुपर्ने देखिन्छ । अर्कोतर्फ, ज्येष्ठ नागरिक स्वयं पनि सजग हुन जरुरी रहेको देखिन्छ । आफ्ना आर्थिक र कानुनी व्यवहारहरू पारदर्शी राख्ने, समस्या पर्दा कानुनी सहयोग लिने र आफ्ना विश्वासिला मित्र वा आफन्तहरूलाई अवस्थाबारे जानकारी गराइरहने बानी बसाल्नुपर्छ । आफूमाथि दुर्व्यवहार भइरहेको छ भने त्यसलाई लुकाउनुको साटो तुरुन्त सम्बन्धित निकायमा खबर गर्नुपर्छ । 'मेरो संसार... तिम्रो संसार... हाम्रो संसार... दुर्व्यवहारमुक्त संसार' भन्ने संयुक्त राष्ट्रसंघको नारालाई सार्थक बनाउन हरेक नागरिकले आफ्नो घरबाटै अभियान सुरु गर्नुपर्ने देखिन्छ । बूढो रुख ढलेपछि सिंगो चौतारी नै उज्यालो र छहारीविहीन बन्छन । ज्येष्ठ नागरिकहरू हाम्रा समाजका ती बूढा रुखहरू छन जसले आफू घाममा डढेर पनि हामीलाई संस्कार र पहिचानको शीतल छहारी दिएका हुन्छन र दिइरहेको पनि छन् । उनीहरू माथि गरिने दुर्व्यवहार केवल व्यक्ति माथिको अन्याय होइन, बरु हाम्रै भविष्यमाथिको प्रहार हो । त्यसैले, समयमै चेतौं । कानुनका पानाहरूलाई मात्र बलियो बनाएर पुग्दैन, मनका भावनाहरूलाई पनि उति नै संवेदनशील बनाउनुपर्ने देखिन्छ ।

## तपाईको टुडे

- मेष: अनावश्यक खर्चको संभावना
- वृष: आम्दानी हुने
- मिथून: पिछ्डेको साथी मिल्न
- कर्कट: खानपानमा समस्या आउने
- सिंह: अनावश्यक चिन्ता
- कन्या: विचार गरेर बोल्नुहोला
- तुला: शुभ कार्यको शुरुवात
- वृश्चिक: मनमा पछुतो आउने
- धनु: मित्रतामा फाटो आउने
- मकर: अशुभ समाचार प्राप्त हुने
- कूम्भ: लामो यात्राको योग छ
- मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव


श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु




### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# मधेशमा राष्ट्रिय कुस्ती प्रतियोगिता



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ३ असार

राष्ट्रिय कुस्ती प्रतियोगिता -२०८३ बुधबारदेखि जनकपुरधाममा सुरु भएको छ । मधेश प्रदेशका खेलकूद तथा समाज कल्याण मन्त्री लखन दास तत्माले उद्घाटन गरेपछि प्रतियोगिता सुरु भएको हो । मन्त्री तत्माले प्रतियोगिताको उद्घाटन गर्दै कुस्ती खेलको विकासमा जोड दिदै खेलाडी उत्पादनमा प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । मधेश प्रदेश कुस्ती संघको सहकार्यमा मधेश खेलकूद परिषद्ले आयोजना गरेको प्रतियोगिताको उद्घाटन सत्रमा बोल्दै मन्त्री तत्माले कुस्ती मधेशको खेल मात्र नभई परम्परासमेत रहेकाले यसको जगेर्ना र प्रवर्द्धन सरकारको जिम्मेवारी रहेको बताए ।

कुस्ती खेलमा मधेश अगाडि रहेपनि हालमा खेलाडीहरुको आकर्षण यस खेलप्रति कम हुँदै जानु चिन्ताको विषय रहेको मन्त्री तत्माले जिकिर गरे । मधेशमा हुने विभिन्न मेला, महोत्सवमा समेत कुस्ती खेलको आयोजना हुने गरेको छ । खेलाडीलाई प्रोत्साहित गर्दै कुस्तीलाई अगाडि बढाउने योजना प्रदेश सरकारको रहेको उनले थपे । मधेश खेलकूद परिषद्का सदस्य सचिव शिवजी प्रसाद कानूको अध्यक्षतामा भएको उद्घाटन सत्रमा वक्ताहरुले मधेशले कुस्ती खेललाई अगाडि बढाउनुपर्नेमा जोड दिएको थियो । उद्घाटन सत्रको समापन गर्दै मधेश खेलकूद परिषद्का सदस्य सचिव कानूले आगामी दिनमा खेलाडीहरुका लागि भत्ताको व्यवस्था गरिने घोषणा गरे । खेलाडीहरुको आर्थिक अवस्था कमजोर हुँदा जीवनयापनमै समस्या हुने गरेकाले खेलकूद परिषद्ले खेलाडीहरुलाई भत्ता उपलब्ध गराउने योजना बनाएको उनले थपे ।

मधेश खेलकूद परिषद्का तालिम तथा प्रशिक्षण प्रमुख भरत यादवले संचालन गरेको उद्घाटन सत्रमा सन् २००५ मा नेपालगंजमा सम्पन्न नेशनल च्याम्पियनसीपमा स्वर्ण पदक जितेका सिरहाका कुस्ती खेलाडी जनक यादवलाई सम्मानपत्र र नगदले सम्मान गरिएको थियो । मधेश खेलकूद परिषद्का सदस्य सचिव कानूले नगद २१ हजार रुपैयाँ सहयोग गरेका छन् । परिषद् सदस्य लभकुमार अधिकारीले स्वागत गरेको उद्घाटन सत्रमा खेलकूद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव सुशिल कुमार साह, परिषद्का सदस्यहरु सुनिल यादव, निषेश श्रेष्ठ, मधेश प्रदेश कुस्ती संघका अध्यक्ष रमेश साह, मधेश खेलकूद परिषद्का मोहम्मद ज्याउल इस्लाम, कुस्तीका पूर्व मुख्य प्रशिक्षक र रेफ्रि संयोजक मुम्ताज अली इद्रिश लगायत विभिन्न प्रदेशका कुस्ती संघका पदाधिकारी, प्रशिक्षकहरुको उपस्थिति रहेको थियो । असार ५ गतेसम्म संचालन हुने प्रतियोगितामा सात प्रदेश र तीन विभागीय गरी १० टोलीका महिला र पुरुष खेलाडीहरुको सहभागिता रहेको छ । प्रतियोगितामा सहभागी महिला र पुरुष खेलाडीहरुले विभिन्न तौल समूहमा प्रतिस्पर्धा गर्ने छन् ।

# सिरहामा शिक्षा सम्बन्धी सामाजिक जवाफदेहिता परामर्श बैठक सम्पन्न

दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, ३ असार



शिक्षा क्षेत्रमा सुधार, पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गर्ने उद्देश्यले सिरहामा सामाजिक जवाफदेहिता सम्बन्धी परामर्श बैठक सम्पन्न भएको छ । युरोपियन युनियनको आर्थिक सहयोग तथा ग्लोबल एक्सन नेपालको आयोजनामा सञ्चालित "शिक्षामा नागरिक समाजको सहभागिता" परियोजना अन्तर्गत श्री चन्द्र माध्यमिक विद्यालय, सिरहामा उक्त बैठक आयोजना गरिएको हो ।

शिक्षा अधिकृत विरेन्द्र कुमार यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा शिक्षा क्षेत्रसँग सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको थियो । बैठकमा विद्यालय क्षेत्र सुधार कार्यक्रम, एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली (ईएमआईएस), विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन, आगामी आर्थिक वर्ष २०८३/८४ का लागि शैक्षिक प्रतिबद्धता लगायतका विषयमा विस्तृत छलफल गरिएको थियो । छलफलका क्रममा सहभागीहरूले विद्यालय व्यवस्थापनलाई थप प्रभावकारी बनाउने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, सामुदायिक सहभागिता बढाउने तथा जवाफदेहिता सुनिश्चित गर्ने सम्बन्धमा विभिन्न सुझाव प्रस्तुत गरेका थिए । प्राप्त सुझाव तथा प्रस्तावहरूमाथि आवश्यक निर्णयसमेत गरिएको आयोजकले जनाएको छ । कार्यक्रमको सहजीकरण मोनू गुप्ताले गरेका थिए । सहभागीहरूले शिक्षा क्षेत्रमा नागरिक समाजको सक्रिय सहभागिताले विद्यालयको सुशासन, पारदर्शिता तथा गुणस्तरीय शिक्षाको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका छन् ।

# पत्रकारलाई लाइसेन्स लिन मन्त्रीले बोलेपछि चन्द्रनिगाहपुरमा भए प्रेस स्वतन्त्रताबारे गम्भीर वहस

प्रेमचन्द्र झा
रौतहट, ३ असार

पत्रकारिता पेशालाई लाइसेन्ससँग जोड्ने विषयमा पछिल्लो समय उठिरहेको बहसले चन्द्रनिगाहपुरमा आयोजित एक कार्यक्रममा तीव्र तरंग पैदा गरेको छ। मधेस मिडिया काउन्सिलद्वारा आयोजित आचारसंहिता सम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभागी पत्रकार, सञ्चारकर्मी तथा सरोकारवालाहरूले पत्रकारिताको भविष्य, प्रेस स्वतन्त्रता, आचारसंहिताको कार्यान्वयन र लोकतान्त्रिक मूल्यबारे गम्भीर विमर्श गरेका छन् ।

कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष धर्मेन्द्र झाले पत्रकारलाई लाइसेन्स अनिवार्य बनाउने अभिव्यक्ति दिने राजनीतिक नेतृत्वप्रति कडा प्रश्न उठाएका छन् । उनले पत्रकारितालाई नियन्त्रण गर्ने सोचभन्दा पत्रकारिता क्षेत्रलाई सुदृढ र सक्षम बनाउने योजनामा राज्यले ध्यान दिनुपर्ने धारणा व्यक्त गरे । उनले भने, "पत्रकारलाई लाइसेन्स



दिने कुरा उठाउनु अघि नेताहरूले आफ्नो योग्यता र जवाफदेहिताको मापदण्ड निर्धारण गर्नुपर्छ । पत्रकारिता लोकतन्त्रको आधार स्तम्भ हो, यसलाई प्रशासनिक बन्देजको घेरामा राख्ने प्रयास उचित हुन सक्दैन ।" झाले सञ्चारमन्त्रीलाई सुझाव दिँदै मधेस प्रदेशमा पत्रकारिता क्षेत्रको क्षमता अभिवृद्धिका लागि 'मधेस मिडिया प्रशिक्षण प्रतिष्ठान' स्थापना गर्न पहल गर्नुपर्ने बताए । उनका अनुसार पत्रकारिता क्षेत्रलाई दण्ड र नियन्त्रणको दृष्टिले होइन, दक्षता र व्यावसायिकताको दृष्टिले हेर्न आवश्यक छ ।

पूर्व अध्यक्ष झाले राष्ट्रिय समाचार समितिको नेतृत्व सम्हालेको अनुभव स्मरण गर्दै वर्तमान परिस्थितिप्रति चिन्ता व्यक्त गरे। उनले मन्त्रीको धारणा सुनेपछि आफू पत्रकारिता गर्ने कि नगर्ने भन्ने प्रश्नमा समेत सोच्न बाध्य भएको उल्लेख गरे । "पत्रकारिता समाजलाई सूचित बनाउने माध्यम हो। लोकतन्त्रमा सूचना प्रवाहका लागि कुनै शैक्षिक प्रमाणपत्र अनिवार्य हुन सक्दैन। ज्ञान, क्षमता, अनुभव र जनउत्तरदायित्व नै पत्रकारिताको मूल आधार हो," उनले भने । उनले प्रेस स्वतन्त्रताको महत्वमाथि जोड दिँदै कुनै पनि प्रकारको नियन्त्रण वा तालाचाबी लगाएर प्रेस स्वतन्त्रताको रक्षा हुन नसक्ने बताए। "यदि लाइसेन्स नै पत्रकारिताको आधार हुन्थ्यो भने प्रेस काउन्सिल नेपाल आजको स्वरूपमा रहने थिएन । प्रेस काउन्सिल नियामक संस्था होइन, पत्रकारितालाई मार्गदर्शन गर्ने संस्था हो। हाम्रो वास्तविक नियामक त पाठक, दर्शक, श्रोता र हामीले काम गर्ने सञ्चार संस्था नै हुन्," उनले स्पष्ट पारे । यसअघि कार्यक्रमका प्रमुख अतिथि मधेस प्रदेश सरकारका सञ्चारमन्त्री कनिस पटेलले पत्रकारितामा बढ्दो पूर्वाग्रहप्रति चिन्ता व्यक्त गरेका थिए । उनले शिक्षक, पत्रकार, प्रहरी र न्यायाधीशजस्ता पेशा समाजका विश्वासका आधारस्तम्भ भएकाले यी क्षेत्रमा आबद्ध व्यक्तिहरू निष्पक्ष र पूर्वाग्रहरहित हुनुपर्ने धारणा राखे। "यदि पत्रकारले सही सूचना सम्प्रेषण गर्न सकेन भने समाजले सही दिशा लिन सक्दैन," मन्त्री पटेलले भने, "समाजले सञ्चारमाध्यमलाई विश्वासको आँखाले हेर्छ। त्यसैले पत्रकारको जिम्मेवारी अत्यन्त ठूलो छ ।" उनले पत्रकारिताको प्रभावलाई शिक्षकको भूमिकासँग तुलना गर्दै पत्रकार समाज निर्माणको महत्वपूर्ण शक्ति भएको बताए। "शिक्षकभन्दा कम छैन पत्रकारको भूमिका। समाजलाई शिक्षित, सचेत र जिम्मेवार बनाउन पत्रकारले निर्वाह गर्ने योगदान असाधारण छ," उनले उल्लेख गरे । मन्त्री पटेलले पछिल्लो समय देखापरेको 'पित पत्रकारिता' अर्थात् गैरजिम्मेवार र अपुष्ट सामग्री प्रकाशन तथा प्रसारण गर्ने प्रवृत्तिले असल पत्रकारहरू ओझेलमा परेको दाबी गरे। सामाजिक सञ्जालमा सूचना प्रवाह गर्ने सबैलाई पत्रकार मान्न नसकिने उनको तर्क थियो । "आज सामाजिक सञ्जालमा लेख्ने धेरै व्यक्तिभन्दा मेरो भ्युज बढी हुन सक्छ । त्यसैले फेसबुकमा केही लेख्दैमा पत्रकार भइँदैन," उनले भने, "पत्रकारिता जिम्मेवारी, तथ्य र उत्तरदायित्वसँग जोडिएको विषय हो ।" उनले पत्रकारितामा व्यावसायिक मापदण्ड कायम गर्न डाक्टर, इन्जिनियरलगायत अन्य पेशामा जस्तै लाइसेन्स प्रणाली लागू गर्न सकिने धारणा राखे। उनका अनुसार यस्तो व्यवस्थाले वास्तविक र पेशागत पत्रकारको पहिचान स्थापित गर्न सहयोग पुग्नेछ तथा असल पत्रकारको गरिमा अझ उँचो बनाउनेछ । कार्यक्रममा व्यक्त यी फरक-फरक धारणाले पत्रकारिता क्षेत्रको वर्तमान अवस्था र भविष्यबारे गम्भीर बहस सिर्जना गरेको थियो । एकातिर पत्रकारितामाथि कुनै पनि प्रकारको प्रशासनिक नियन्त्रण लोकतान्त्रिक मूल्यविपरीत हुने तर्क प्रस्तुत भयो भने अर्कोतर्फ व्यावसायिकता र उत्तरदायित्व सुनिश्चित गर्न नयाँ व्यवस्था आवश्यक रहेको आवाज पनि सुनियो । मधेस मिडिया काउन्सिलकी अध्यक्ष बन्दना झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय लेखा संयोजक केसी लामिछाने, महासंघ मधेस प्रदेश अध्यक्ष श्याम बन्जरा, रौतहटका जिल्ला अध्यक्ष सञ्जय कार्कीलगायत वक्ताहरूले जिल्लाको पत्रकारितामा आचारसंहिताको कार्यान्वयन अवस्था, चुनौती र सम्भावनाबारे धारणा राखेका थिए । वक्ताहरूले पत्रकारिताको मूल धर्म सत्य, तथ्य र जनउत्तरदायित्व भएको उल्लेख गर्दै आचारसंहिताको प्रभावकारी पालना नै पत्रकारिताको विश्वसनीयता जोगाउने प्रमुख आधार भएको बताए। उनीहरूले बदलिँदो सञ्चार परिवेश, सामाजिक सञ्जालको तीव्र विस्तार र सूचना प्रवाहको प्रतिस्पर्धात्मक अवस्थाबीच पत्रकारले अझ बढी जिम्मेवार, तथ्यपरक र व्यावसायिक बन्नुपर्ने आवश्यकता औंल्याए । चन्द्रनिगाहपुरमा सम्पन्न यो अभिमुखीकरण कार्यक्रम केवल आचारसंहिताको प्रशिक्षणमा सीमित रहेन। पत्रकारिताको स्वतन्त्रता, व्यावसायिक मर्यादा, राज्यको भूमिका, सामाजिक उत्तरदायित्व र लोकतन्त्रमा सञ्चारमाध्यमको स्थानबारे गहिरो बहसको थलोका रूपमा कार्यक्रम स्मरणीय बनेको सहभागीहरूले बताएका छन् । पत्रकारितामाथि लाइसेन्स आवश्यक छ वा छैन भन्ने बहस अझै जारी छ। तर कार्यक्रममा उठेका विचारहरूले एउटा स्पष्ट सन्देश दिएका छन्–लोकतन्त्रमा स्वतन्त्र, जिम्मेवार र विश्वसनीय पत्रकारिता नै नागरिक सचेतनाको आधार हो, जसको संरक्षण र सुदृढीकरण राज्य, सञ्चार संस्था, पत्रकार र समाज सबैको साझा दायित्व हो ।




जलेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल